# सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५

सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, व्यवस्थित र विश्वसनीय बनाउन वाञ्छनीय भएकाले सर्वोच्च अदालत बार एशोसिएशन **निर्वाचन समिति, २०७५** बाट सर्वोच्च अदालत बार एशोसिएशन **कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५** जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम 'सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन निर्देशिका २०७५' रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ भई लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) 'विधान' भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ सम्झनुपर्छ ।

(ख) 'विनियम' भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) 'आचारसंहिता' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ सम्झनुपर्छ ।

(घ) 'निर्देशिका' भन्नाले सर्वोच्च अदालत बार एशोसिएसन कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५ सम्झनु पर्छ ।

(ङ) 'कार्यसमिति' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनको कार्यसमिति सम्झनुपर्छ ।

(च) 'निर्वाचन समिति' भन्नाले विधानको धारा ४५ बमोजिम कार्यसमितिबाट गठित निर्वाचन समिति सम्झनुपर्छ ।

(छ) 'निर्वाचन अधिकृत' भन्नाले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ज) 'मतदाता' भन्नाले आ.व. २०७५।०७६ को सदस्यता नवीकरण गरेको निर्वाचन समितिबाट प्रकाशित मतदाताको अन्तिम नामावलीमा उल्लिखित वरिष्ठ अधिवक्ता, अधिवक्ता कानुनव्यवसायी सम्झनुपर्छ ।

(झ) 'उम्मेदवार' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उम्मेदवारहरूलाई सम्झनुपर्छ । सो शब्दले नेपाल बार एशोसियशनको कार्यकारीणी परिषद्को सदस्य (पार्षद) समेतलाई जनाउँदछ ।

(ञ) 'कर्मचारी' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनका कर्मचारी वा निर्वाचन समितिले निर्वाचन अवधिभरकालागि नियुक्त गरेका कर्मचारीलाई जनाउँछ ।

## परिच्छेद -२
## निर्वाचन अधिकृतको काम-कर्तव्य र अधिकार

३. सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको मतदान कार्य गराउँदा निर्वाचन अधिकृतले देहायबमोजिमको कार्यविधि अनुसरण गर्नु गराउनु पर्नेछ–

(१) मतदान अधिकृतले निर्वाचन सुरु हुने दिन बिहान ८ बजे भन्दा १ घण्टाअघि उम्मेदवारहरू वा निजहरूका प्रतिनिधि समेतको रोहवरमा मुचुल्का खडा गरी प्रमुख निर्वाचन अधिकृत र निर्वाचन अधिकृत समेतको सही भएको मतपत्र मात्र निर्वाचनमा प्रयोग गर्नुपर्नेछ।

(२) मतदान कार्य शुरु हुनु भन्दा १५ मिनेट अगाडी उम्मेदवार वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा मत पेटीकाहरु शिलबन्दी गर्नु पर्नेछ।

(३) निर्वाचन अधिकृतले नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको विनियम, २०४९, सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ र यो निर्देशिका समेत बमोजिम निर्वाचन सञ्चालन गर्नु गराउनुपर्नेछ।

(४) निर्वाचनको दिन दिउँसो २ बजेसम्ममा निर्वाचन सम्पन्न गर्नु गराउनुपर्नेछ।

(५) मतदान कार्य गराउँदा सम्बन्धित मतदाताको नाममा जारी भएको नेपाल कानुन व्यवसायी परिषद्को परिचयपत्र वा कानुन व्यवसायीको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रमध्ये कुनै एकको सक्कलै प्रति अनिवार्य रूपमा हेर्नुपर्नेछ।

(६) मतदान गर्नआउने सबै मतदातालाई मतदाता नामावलीमा रहेको दस्तखत महलमा दस्तखत गर्न लगाएपछि मात्र एउटा मतपत्र दिनुपर्नेछ।

(७) मतदान कार्य सम्पन्न भएपछि जम्मा मतदाता सङ्ख्या, मतदान गरेका मतदाताहरूको सङ्ख्या र प्रयोग भएका मतपत्रहरूको सङ्ख्या खुलाई मतदान सम्पन्न भएको मुचुल्का खडा गरी उम्मेदवारहरू वा निजहरूका प्रतिनिधिको रोहवरमा गोपनीयताका साथ मतपत्रहरू छुट्टै खाममा राखी लाहाछाप लगाउनुपर्नेछ।

## परिच्छेद -३
## विविध

४. **विधान र विनियम र आचारसंहिता बमोजिमै हुने :** यस निर्देशिकाको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ वा नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ सँग बाझिएमा सो हदसम्म निर्देशिकाको प्रावधान अमान्य भई विधान, विनियम र आचारसंहिता बमोजिमै हुनेछ।

५. **बाधा-अड्काउ फुकाउने** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ।

| | | |
|---|---|---|
| (श्रुतिकुमारी रेग्मी) | (अवतार न्यौपाने) | (नारायणप्रसाद प्रसाई) |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | प्रमुख निर्वाचन अधिकृत |

जारी मिति : २०७५/०२/२४